वर्ष ४, अंक १ जनवरी १-मार्च ३१, २०१९

# काठमाण्डौ पानी

त्रैमासिक बुलेटिन

नेपाल सरकार, मेलम्ची खानेपानी उपआयोजना-०२, आयोजना कार्यान्वयन निर्देशनालय/काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

## निर्देशनालयको सन्देश



मेलम्ची आयोजनामार्फत् उपलब्ध हुने खानेपानी काठमाण्डौ उपत्यकामा समानुपातिक, न्यायोचित र प्रभावकारी ढंगले वितरण गर्नका लागि पूर्वाधारहरूको निर्माण गर्नु आयोजना कार्यान्वयन निर्देशनालयको मुख्य दायित्व हो । दायित्व बहन गर्ने क्रममा निर्देशनालयले थोक वितरण प्रणाली र पानीपोखरीहरूको निर्माणका साथै वितरण संजाल सुधारको कार्य गरिरहेको छ । थोक वितरण प्रणालीको करिब ७६ कि.मि. लामो पाइपलाइनमार्फत् सुन्दरीजलमा प्रशोधित पानी आरूबारी, महांकाल, बाँसबारी, महाराजगंज, बालाजु, खुमलटार, कीर्तिपुर, कटुञ्जे र टिग्नीमा निर्माणाधीन १० पोखरीहरु (कूल भण्डारण क्षमता ७४,५०० घनमिटर) मा जम्मा गरी पाइपलाइनमार्फत् वितरण गरिनेछ । हालसम्म थोक वितरण प्रणालीको करिब ७३ कि.मि पाइपलाइन बिछ्याइसकिएको छ भने वितरण संजाल सुधार अन्तर्गत १,००० कि.मि पाइपलाइन बिछ्याउनुपर्नेमा ८२७ कि.मि बिछ्याइएको छ । चक्रपथ बाहिरका विभिन्न क्षेत्रहरूमा खानेपानी वितरणमा सुधार गर्नका लागि करिब १३४७ कि.मि वितरण प्रणालीको विस्तृत आयोजना प्रतिवेदन तयार भइसकेको छ, कतिपय स्थानहरूमा डिजाइनको कार्य भइरहेको छ । यसै गरी दश मध्ये नौ पानीपोखरीहरूको निर्माण सम्पन्न हुन लागेको छ ।

हाल यस निर्देशनालय अन्तर्गत अत्याधुनिक फोहर पानी प्रशोधन केन्द्रहरूको निर्माणले गति लिएको छ । गुह्येश्वरीमा निर्माणाधीन प्रशोधन केन्द्र यसै आर्थिक वर्षभित्र सम्पन्न हुने अपेक्षा गरिएको छ । बालकुमारी लगायतका स्थानहरूमा प्रशोधन केन्द्रहरूको निर्माण र ढलका पाइपहरु बिछ्याउने कार्य सुचारू छ ।

मेलम्ची आयोजनासम्बद्ध संरचनाहरूको निर्माणका क्रममा खानेपानी मन्त्रालय, सम्बद्ध निकायहरु र नागरिकसँग समन्वय गरी निर्देशनालय अघि बढिरहेको छ । पारस्परिक सहयोग, समन्वय र सद्भावपूर्ण यस यात्राका क्रममा निर्देशनालयलाई एशियाली विकास बैंकले हालै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र वातावरण तथा सामाजिक परिपालनको अनुगमनमा पुर्‍याएको योगदानको कदरस्वरूप पुरस्कृत गरेको छ । यसले हामीलाई थप हौसला प्रदान गरेको छ ।

यो आयोजना हामी सबैको साझा सम्पत्ति हो । यस अन्तर्गत बिछ्याइएका पाइपहरूमा क्षति पुगेको देख्नुभएमा, हाम्रा सेवाहरु सम्बन्धी सुझाव भएमा ११३९ मा फोन गर्नुहोस् । यो नम्बरमा फोन गर्दा शुल्क लाग्दैन । नागरिकका चासोहरु सम्बोधन गर्न हामी सदा तत्पर छौं ।

**तिरेश प्रसाद खत्री**
(आयोजना निर्देशक)

*खानेपानी, सरसफाइ तथा फोहर पानी व्यवस्थापनमा सुधार*
*विकसित समाज, सुन्दर र सक्षम सहरको आधार*



दरबारमार्गमा खानेपानीको पाइप बिछ्याउँदै कामदारहरु ।

## काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजना

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड (KUKL) बाट प्राप्त अध्यावधिक तथ्यांक अनुसार उपत्यकामा हाल खानेपानीको माग ४५ करोड लिटर प्रतिदिन रहेकोमा सुख्खा याममा प्रतिदिन ९ करोड लिटर र वर्षायाममा १६ करोड लिटर मात्र वितरण गर्न सकिएको अवस्था छ ।

उपत्यकामा देखिएको खानेपानीको अभाव कम गर्न काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजना शुरु गरिएको हो । यस आयोजनाले भरपर्दो, दिगो र न्यायोचित वितरण प्रणालीको निर्माणका साथै उपत्यकाको खानेपानी क्षेत्रको संस्थागत क्षमता र संचालनमा सुधार गरी खानेपानी समस्या न्यूनीकरणमा केन्द्रित प्रयासहरूलाई प्रभावकारी बनाउनेछ ।

नेपाल सरकार र एशियाली विकास बैंकको सहयोगमा हाल संचालनमा रहेका आयोजनाहरू अन्तर्गत स्रोत संवर्द्धन, मेलम्ची सुरुङ र पानी प्रशोधन, भण्डारण, खानेपानी वितरणका साथै वितरण प्रणालीको क्षमता र सेवाप्रवाहको गुणस्तर वृद्धि एवं संस्थागत क्षमता अभिवृद्धि लगायतका कार्यहरु भइरहेका छन् ।

काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजना अन्तर्गत चक्रपथ बाहिरका मण्डिखाटार, जोरपाटी, चाबहिल, बौद्ध, पेप्सीकोला, मध्यपुर ठिमी, भक्तपुर र कीर्तिपुर लगायतका क्षेत्रहरूमा वितरण संजाल सुधारको लागि विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report) तयार भइसकेको छ ।

यसका साथै नेपाल सरकारको आफ्नै स्रोतबाट सूर्यविनायक नगरपालिकाका अधिकांश क्षेत्र समेट्ने गरी खानेपानीको पाइपलाइन बिस्तार गर्नको लागि DPR तयार भइरहेको छ, साथै महालक्ष्मी नगरपालिकाका वडा नं १, २, ३, ४, ललितपुर महानगरपालिकाका ग्वार्को, सैबु, भैंसीपाटी, खुमलटार, नख्खीपोट, ढोलाहिटी, सुनाकोठी र कागेश्वरी मनोहरा नगरपालिकाको वडा नं ६ र ७ मा वितरण संजाल सुधार अन्तर्गत खानेपानीको पाइपलाइन बिछ्याउने सम्बन्धमा डिजाइनको कार्य भइरहेको छ ।

# खानेपानी आपूर्ति संरचनाहरुको प्रगति समीक्षा

आयोजना कार्यान्वयन निर्देशनालय अन्तर्गत थोक वितरण प्रणाली (Bulk Distribution System) र पानीपोखरीहरू (Service Reservoir Tanks) को निर्माणका साथै वितरण संजाल सुधार (Distribution Network Improvement) को कार्य भइरहेको छ। थोक वितरण प्रणाली अन्तर्गतको करिब ७६ कि.मि. लामो पाइपलाइनमार्फत् सुन्दरीजलमा प्रशोधन गरिएको पानी उपत्यकाका ९ स्थान – आरूबारी, महाँकाल, बाँसबारी, पानीपोखरी, बालाजु, खुमलटारमा २ वटा, कीर्तिपुर, कटुञ्जे र टिग्नी – मा निर्माणाधीन १० ठुला पोखरीहरू (कूल भण्डारण क्षमता ७४,५०० घनमिटर) मा जम्मा गरी साना पाइपहरूमार्फत् वितरण गरिनेछ।

| | काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजना | लक्ष्य | इकाइ | प्रगति |
|---|---|---|---|---|
| १ | थोक वितरण प्रणाली निर्माण | ७६ | कि.मि. | ७३ |
| २ | थोक वितरण प्रणाली (Flushing & Testing) को काम | ७६ | कि.मि. | २८ |
| ३ | पानीपोखरी निर्माण कार्य | १० | वटा | ९ |
| | कूल क्षमता | ७४,५०० | घ.मि. | ६८,५०० |
| ४ | वितरण प्रणाली निर्माण कार्य | १००० | कि.मि. | ८२७ |
| ५ | धारा जडान गर्ने कार्य | १,१०,६७९ | थान | ६३,६५९ |
| ६ | सडक मर्मत कार्य | ११० | कि.मि. | ३४ |

हाल ७६ कि.मी.पाइपमध्ये करिब ७३ कि.मि. बिछ्याइसकिएको छ भने ९ ठुला पोखरीहरूको निर्माण सम्पन्न हुने अवस्थामा छ। यी पोखरीहरूमा खानेपानी संकलन गरी वितरण संजाल सुधार अन्तर्गतका साना पाइपहरूमार्फत् उपभोक्ताका घरघरमा वितरण गरिनेछ। अहिलेसम्म वितरण संजाल सुधारको ठेक्का प्याकेज १, २, ३ र ४ अन्तर्गत करिब १,००० कि.मि. पाइप बिछ्याउनुपर्नेमा ८२७ कि.मी. बिछ्याइसकिएको छ, १,१०,६७९ घरधुरीमा धारा जडान गर्नुपर्नेमा ६३,६५९ घरधुरीमा जडान गरिसकिएको छ।

हालसम्म थोक वितरण प्रणालीको ७६ कि.मि. पाइपमध्ये २८ कि.मि.को flushing & testing (खानेपानीको नयाँ पाइपलाइन सफाइ र परीक्षण कार्य) गर्ने कार्य सम्पन्न भएको छ। कूल ११० कि.मि सडक पुनर्स्थापन गर्नुपर्नेमा करिब ३४ कि.मि. पुर्नस्थापन भइसकेको छ। मेलम्ची आयोजनाको पहिलो चरणमा चक्रपथ भित्र पाइपलाइन विस्तारको कार्य भइरहेको छ, दोस्रो चरणमा उपत्यका बाहिर पाइपलाइन विस्तार गर्ने योजना रहेको छ। DNI-7B (बालाजु, कलंकीबाट उत्तरतर्फ छाउनी, स्वयंभू आदि) र DNI-7C (महाराजगंज, धुम्बाराही, बालुवाटार, लाजिम्पाट, लैनचौर, सामाखुशी, वसुन्धरा आदि) क्षेत्रभित्र Horizontal Directional Drilling (HDD) method प्रयोग गरी पाइपलाइन बिछ्याउने कार्य निकट भविष्यमा हुन गइरहेको छ। यो नयाँ प्रविधिको प्रयोग गरी पाइपलाइन बिछ्याउँदा बाटो खन्ने, पुर्ने कार्य न्यूनतम मात्र गर्नुपर्ने, निर्माण कार्य छिटो हुने र धूवाँ, धुलो कम हुने अपेक्षा गरिएको छ।

# काठमाण्डौ उपत्यका फोहर पानी व्यवस्थापन आयोजना

काठमाण्डौ उपत्यकामा मेलम्ची खानेपानी आयोजनाबाट खानेपानी आपूर्तिमा सुधार हुने र यससँगै निष्कासन हुने थप फोहर पानीका कारण उपत्यकाका नदी र खोलाहरू थप प्रदूषित हुने तथ्यलाई मध्यनजर गरी सन् २०१३ मा नेपाल सरकार, एशियाली विकास बैंक (Asian Development Bank) र ओपेक कोष (OPEC Fund) को आर्थिक स्रोत परिचालन गरी काठमाण्डौ उपत्यका फोहर पानी व्यवस्थापन आयोजनाको शुरूवात गरिएको हो। यस आयोजना अन्तर्गत उपत्यकाका मनोहरा, हनुमन्ते र खस्याङखुसुङ नदीका दुबै किनारमा करिब ४५ कि.मि. ढलका पाइपहरू (interceptors) बिछ्याउनु पर्नेमा हालसम्म करिब २५ कि.मि. बिछ्याइसकिएको छ।

साथै अधिकारसम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिले पनि वागमती र विष्णुमती नदीहरूमा ढलका पाइपहरू बिछ्याउने र निष्कासन हुने फोहर पानी संकलनका लागि पाइपहरू बिछ्याउने कार्य गरिरहेको छ। ढललाई ठुला पाइपहरूमार्फत् धोबीघाट, गुह्येश्वरी, बालकुमारी र सल्लाघारीमा निर्माण हुने फोहर पानी प्रशोधन केन्द्रहरूमा स्थानान्तरण गरिनेछ र प्रशोधन गरेपछि नदीहरूमा विसर्जन गरिनेछ।

प्रथम चरणमा यी प्रशोधन केन्द्रहरूले प्रतिदिन कूल १३ करोड ८१ लाख लिटर फोहर पानी प्रशोधन गर्न सक्नेछन्। गुह्येश्वरीमा प्रतिदिन १ करोड ६२ लाख लिटर फोहर पानी प्रशोधन गर्ने जडित क्षमता भएको फोहर पानी प्रशोधन केन्द्र आंशिक रूपमा संचालनमा रहेकोमा सो को सुधार र विस्तार समेत गरी प्रतिदिन जम्मा ३ करोड २४ लाख लिटर फोहर पानी प्रशोधन क्षमता भएको केन्द्र यसै आर्थिक वर्षभित्र निर्माण सम्पन्न भइ संचालन हुने गरी कार्य अघि बढिरहेको छ। यसै गरी धोबीघाटमा प्रतिदिन कूल ७ करोड ४० लाख लिटर फोहर पानी प्रशोधन क्षमता भएका प्रशोधन केन्द्रहरु निर्माण हुँदैछन्, बालकुमारी र सल्लाघारीमा प्रतिदिन १ करोड ७५ लाख लिटर र १ करोड ४२ लाख लिटर फोहर पानी प्रशोधन क्षमता भएका केन्द्रहरू निर्माण हुँदैछन्।

| | कार्यहरू | लक्ष्य | इकाइ | प्रगति |
|---|---|---|---|---|
| १ | **नदी खोलाको दुबै किनारमा इन्टरसेप्टर ढल निर्माण** | | | |
| | हनुमन्ते इन्टरसेप्टर (IS-01) पाइप बिछ्याउने काम | २५.३५ | कि.मि. | १५.३ |
| | मनोहरा इन्टरसेप्टर (IS-02) पाइप बिछ्याउने काम | ११.३६ | कि.मि. | ४.८ |
| | खस्याङखुसङ इन्टरसेप्टर (IS-03) पाइप बिछ्याउने काम | ७.६८ | कि.मि. | ४.८ |
| २ | **फोहर पानी प्रशोधन केन्द्रहरू** (WWTP) **को निर्माण** | | | |
| | गुह्येश्वरी WWTP (प्रशोधन क्षमता ३ करोड २४ लाख लिटर प्रतिदिन) | | प्रतिशत | ८५.९ |
| | सल्लाघारी WWTP (प्रशोधन क्षमता १ करोड ४२ लाख लिटर प्रतिदिन), बालकुमारी WWTP (१ करोड ७५ लाख लिटर प्रतिदिन) तथा धोबीघाट WWTP (७ करोड ४० लाख लिटर प्रतिदिन) | | प्रतिशत | ४.९ |

## प्रशोधन केन्द्रको संचालन र मर्मतबारे अर्न्तक्रिया

चैत ११, २०७५ मा आयोजना कार्यान्वयन निर्देशनालयले फोहर पानी प्रशोधन केन्द्रको प्रक्रिया, संचालन र मर्मतबारे अर्न्तक्रिया कार्यक्रमको आयोजना गऱ्यो।

उक्त कार्यक्रममा खानेपानी मन्त्रालयका सचिव दिपेन्द्र नाथ शर्मा, सहसचिव तेज राज भट्ट, काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड (KUKL) का महाप्रबन्धक डा. महेश भट्टराइ, काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक डा. संजिव विक्रम राणा, निर्देशनालयका आयोजना निर्देशक तिरेश प्रसाद खत्री, उपनिर्देशक मिलन कुमार शाक्य र आयोजना प्रबन्धक सुरत कुमार बम लगायतका व्यक्तित्वहरू उपस्थित हुनुहुन्थ्यो। सो अवसरमा संयुक्त राज्य अमेरिकामा कार्यरत् फोहर पानी व्यवस्थापन विज्ञ डा. राजेन्द्र भट्टराइले फोहर पानी प्रशोधनको क्षेत्रमा आफ्नो अनुभव प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा प्रशोधन केन्द्रका वातावरण-मैत्री पक्षहरू, केन्द्रमा अपनाइएका सुरक्षाका उपायहरू, KUKL का कर्मचारीहरूको केन्द्र संचालन सम्बन्धी क्षमता अभिवृद्धिका उपायहरू, मेलम्चीको पानी आउन ढिलाइ हुँदा पर्ने असरहरू र केन्द्रमार्फत् प्रशोधित पानी प्रवाहित गरिँदा वागमती नदीमा पर्ने सकारात्मक प्रभाव जस्ता विषयहरू माथि चर्चा गरिएको थियो।

खानेपानी मन्त्रालयका सचिव शर्माले प्रशोधन केन्द्रहरूको निर्माणको चरण देखि नै KUKL का कर्मचारीहरूलाई संलग्न गराइ, प्रविधि/ज्ञानको हस्तान्तरण मार्फत् उनीहरूको केन्द्र संचालन क्षमतामा अभिवृद्धि गर्नुपर्ने बताउनुभएको थियो।




■ सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली, माननीय खानेपानी मन्त्री बिना मगर र अन्य विशिष्ट अतिथिहरु बालकुमारी, ललितपुरमा निर्माणाधीन फोहर पानी प्रशोधन केन्द्रको शिलान्यास समारोहमा सहभागी हुनुहुँदै ।

# सम्माननीय प्रधानमन्त्रीद्वारा प्रशोधन केन्द्रको शिलान्यास

सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीले २०७५ पौष १९ गते बालकुमारी, ललितपुरमा निर्माण हुने आधुनिक फोहर पानी प्रशोधन केन्द्रको शिलान्यास गर्नुभयो ।

उक्त समारोहमा माननीय खानेपानी मन्त्री बिना मगर, प्रतिनिधि सभा तथा प्रदेश सभाका सांसदहरू, ललितपुर महानगरका मेयर लगायत स्थानीय निकायका निर्वाचित प्रतिनिधिहरू, विभिन्न मन्त्रालयका सचिवहरू, दातृ निकायका पदाधिकारीहरू र विज्ञहरू एवं अन्य विशिष्ट व्यक्तित्वहरूको उपस्थिति थियो । बालकुमारीमा निर्माण हुने प्रशोधन केन्द्र उपत्यकाको धोबीघाट, सल्लाघारी, गुह्येश्वरीमा निर्माण हुन लागेका अत्याधुनिक, वातावरणमैत्री फोहर पानी प्रशोधन केन्द्रहरूमध्ये एक हो । यस प्रशोधन केन्द्रको निर्माण SAFBON WATER SERVICE (HOLDING), CHINA ले गरिरहेको छ । मे ७, २०१७ मा शुरू भएको यस आयोजनाको निर्माण अवधि ३० महिना रहेको छ ।

प्रशोधन क्षमता १ करोड ७५ लाख लिटर प्रति दिन रहेको यस केन्द्रमा फोहर पानी प्रशोधनका लागि Activated Sludge Process (ASP) प्रयोग हुनेछ र दुर्गन्ध न्यूनीकरण इकाइ समेत जडान हुनेछ। संझौता अनुसार सम्बद्ध निर्माण कम्पनीले निर्माण सम्पन्न भए पश्चात् ५ वर्षसम्म यस केन्द्रको संचालन तथा मर्मत गर्नेछ ।

निर्देशनालय अन्तर्गत निर्माणाधीन सबै प्रशोधन केन्द्रहरूमा ढलका पाइपहरूमार्फत् ल्याइएको फोहर पानी प्रशोधन गरी नदीमा विसर्जन गरिनेछ । यसरी विसर्जित प्रशोधित पानीमा उपयुक्त मात्रामा अक्सिजन हुने हुँदा उपत्यकाका नदी तथा खोलाहरू सफा हुनेछन्, त्यहाँ जलचरहरू बाँच्न सक्नेछन्, उपत्यकाको समग्र वातावरणमा यसको सकारात्मक प्रभाव पर्नेछ । प्रशोधित पानीलाई सफाइका लागि र सिंचाइका लागि पनि प्रयोग गर्न सकिनेछ ।

## आयोजना कार्यान्वयन निर्देशनालय पुरस्कृत

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालयले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र वातावरण तथा सामाजिक मापदण्डहरु परिपालनको क्षेत्रमा एशियाली विकास बैंकले लगानी गरेका आयोजनाहरुमध्ये उत्कृष्ट कार्यक्षमता प्रदर्शन गरेकोमा पुरस्कृत भएको छ ।

नेपालमा बैंकको लगानीसम्बन्धी समीक्षा बैठक २०१८ का क्रममा निर्देशनालयका आयोजना निर्देशक तिरेश प्रसाद खत्रीलाई बैंकको नेपालस्थित कार्यालयका निर्देशक मुख्तोर खामुदखानोभ र अर्थ मन्त्रालयका सचिव राजन खनालले पुरस्कार प्रदान गर्नुभएको थियो । उक्त अवसरमा खानेपानी मन्त्रालयका सचिव दिपेन्द्र नाथ शर्मा र अन्य विशिष्ट व्यक्तित्वहरु उपस्थित हुनुहुन्थ्यो । निर्देशनालय अन्तर्गत रहेको Safeguards Unit ले सम्बद्ध आयोजनाहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, वातावरण तथा सामाजिक मापदण्डहरूको परिपालनको क्षेत्रमा सुधार गर्नको लागि निरन्तर पहल गरिरहेको छ ।




■ एशियाली विकास बैंकको समीक्षा बैठक २०१८ मा आयोजना कार्यान्वयन निर्देशनालयका आयोजना निर्देशक तिरेश प्रसाद खत्री अर्थ सचिव राजन खनालबाट पुरस्कार ग्रहण गर्नुहुँदै ।

# अर्न्तविद्यालयस्तरीय चित्रकला प्रतियोगिता आयोजित


प्रथम



द्वितीय


तृतीय

विश्व पानी दिवसको उपलक्ष्यमा आयोजना कार्यान्वयन निर्देशनालयले २०७५, फागुन २७ गते सफा पानी, स्वस्थ जीवन विषयक अन्तर्विद्यालयस्तरीय चित्रकला प्रतियोगिताको आयोजना गऱ्यो ।

कुलेश्वर आवास माध्यमिक विद्यालयमा आयोजित उक्त प्रतियोगितामा १३ विद्यालयका छात्रछात्राहरूको सहभागिता थियो । प्रतियोगितामा कुलेश्वर आवास माध्यमिक विद्यालयका छात्र सुरज श्रेष्ठ प्रथम, काठमाण्डौ बोन्साइ एकेडेमी, कलंकीकी छात्रा संजना नेपाली द्वितीय र कमल माध्यमिक विद्यालय, बल्खुका छात्र निकेश बस्नेत तृतीय हुनुभएको थियो । लोक आदर्श एकेडेमी, कीर्तिपुरकी छात्रा सिया लामा र प्यारामाउन्ट इंग्लिस बोर्डिंग स्कुल, कुलेश्वरका छात्र सुशिम स्याखेतीले सान्त्वना पुरस्कार प्राप्त गर्नुभएको थियो । प्रतियोगी विद्यार्थीहरूलाई निर्देशनालयका आयोजना उप-निर्देशक मिलन कुमार शाक्य र कुलेश्वर आवास माध्यमिक विद्यालयका प्रधानाध्यापक मेघराज दुलालले प्रमाणपत्र र पुरस्कार प्रदान गर्नुभएको थियो । प्रतियोगितामा सहभागी विद्यालयहरूलाई उप-निर्देशक शाक्यले मायाको चिनो प्रदान गर्नुभएको थियो ।

साथै प्रतियोगिता सफल पार्नमा खेलेको विशेष भूमिकाको कदर गर्दै कुलेश्वर आवास माध्यमिक विद्यालयलाई प्रशंसा-पत्र प्रदान गरिएको थियो ।


सान्त्वना



सान्त्वना

## सूचना

जनसमुदायको हितका लागि मेलम्ची जस्तो बृहत् आयोजना कार्यान्वयन गर्ने क्रममा सर्वसाधारणलाई पर्न गएको असुविधाप्रति खानेपानी मन्त्रालय र काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय क्षमाप्रार्थी छौं । आयोजना कार्यान्वयनमा आआफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुहुन सम्बन्धित सबैलाई आग्रह गर्दछौं ।

गुनासा र सुझावको लागि
आयोजना कार्यान्वयन निर्देशनालय
**काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड**
अनामनगर, काठमाण्डौ
टोल-फ्रि नम्बरः ११३९
फोन नंः ०१-५७०५७७१, ०१-५७०५९१६, ०१-५७०५१४८, फ्याक्सः ०१-५७०५०५७
www.kuklpid.org.np, www.facebook.com/kuklpid